तिलोत्तमा नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड २) तिलोत्तमा, माघ महिना ५ गते २०७५ साल (अतिरिक्ताङ्क ३३**

**भाग : २**

**तिलोत्तमा नगरपालिका**

तिलोत्तमा नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### सम्वत् २०७५ सालको कार्यविधि नं. २४

### कार्यविधिको नाम : "तिलोत्तमा नगरपालिका मार्फत संचालन गरिने सिंचाई कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७५"

**प्रस्तावना :** सिंचाई कृषि बाली उत्पादनको अभिन्न अंग हो । कृषिलाई एक नाफामूलक व्यवसायमा रुपान्तरण गरी नगरवासी जनताको लगानी आकर्षण गर्न बाली बस्तुको उत्पादकत्व उच्च हुनु जरुरी छ । नगरपालीकामा खेती योग्य जमिन अझैपनि ७२ प्रतिशत भन्दा बढी रहेको छ । बाह्रै महिना सिचाईंको माध्यमबाट हामीले खेती गरिराखेको जमिनको **उत्पादकत्व बढाउन** (Vertical expansion) तथा बाँझो जमिनलाई खेती योग्य जमिनमा रुपान्त्रण (Horizontal expansion) गरि कृषि **उत्पादन बढाउन** सकिने हुन्छ । सिचाईंको महत्वलाई आत्मसाथ गर्दै नगरपालिकाले संचालन गर्ने सिंचाईसँग सम्बन्धित कार्यक्रमको कार्यान्वयन प्रभावकारी रुपले अगाडि बढाउनको लागि यो कार्यबिधि तयार पारि कार्यान्वयनमा ल्याएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१) **संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यबिधिको नाम "तिलोत्तमा नगरपालिका मार्फत संचालन गरिने सिंचाई कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७५" रहनेछ ।

ख) यो कार्यबिधि नगरकार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिपछि तिलोत्तमा नगरपालिका क्षेत्रभर लागू हुनेछ ।

२) **परिभाषाः** बिषय र प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमाः

क) **"आयोजना"** भन्नाले सिंचाई कार्यक्रमको लागि पेश गरिएको बिस्तृत कार्ययोजना सहितको कार्यक्रम भन्ने सम्झनु पर्छ ।

ख) **"कार्यालय"** भन्नाले तिलोत्तमा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, रुपन्देही सम्झनु पर्छ ।

ग) **"कार्यबिधि"** भन्नाले नगरपालिका मार्फत संचालन गरिने सिंचाई कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७५ सम्झनु पर्छ ।

घ) **"कृषि"** भन्नाले खाद्यान्न बाली, नगदेबाली, तरकारी बाली, फलफूल बाली, च्याऊ खेती, माछा तथा पशु पन्छी आदिको खेती/पालन, प्रशोधन, बस्तु बिबिधिकरण तथा बजारीकरण जस्ता कृयाकलापहरु सम्झनु पर्छ ।

ङ) **"नगरपालिका"** भन्नाले तिलोत्तमा नगरपालिका सम्झनु पर्छ ।

च) **"बैठक"** भन्नाले नगरकार्यपालिकाको बैठक सम्झनु पर्छ ।

छ) **"सिंचाई"** भन्नाले पानीको उपयोगिता बढाउन प्रयोग भएका ईनार, स्यालो ट्युवेल, बोरिङ्ग, कुलो, खोला, नाला, पोखरी, बाध, नहर, प्लास्टिक पोखरी, वाटर हार्भेष्टिङ्ग प्रबिधि आदि जस्ता संरचनाका माध्यमबाट खेती योग्य जमिनमा पानी पुर्याउने एक बिधि हो भनी सम्झनु पर्छ ।

ज) **"संस्था"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई कार्यालयमा सूचिकृत भएका विकास निर्माणमा संलग्न संस्था सम्झनु पर्छ ।

झ) **"स्थानीय संचार माध्यम"** भन्नाले तिलोत्तमा नगरपालिका भित्र संचालनमा रहेका प्रमुख पत्र पत्रिका, रेडियो, टेलिभिजन आदि सम्झनु पर्छ ।

**३) <u>उद्येश्यः</u>** यस कार्यबिधिको उद्देश्य देहाय बमोजिम रहेकोछः-

१) सिचाई संरचनाहरुको उचित मर्मत संभार गरी प्रभावकारी जल व्यवस्थापनमा आधुनिकीकरण गर्ने तथा नयाँ सिंचाई योजनाहरुको निर्माण गरि बर्षैभरी भरपर्दो सिंचाई प्रणाली सुनिश्चित गर्ने ।

२) नगरपालिका क्षेत्रभित्रको कृषि क्षेत्रमा सिंचित क्षेत्रको प्रतिशत बढाउने ।

३) कृषि जन्य बस्तुको उत्पादन तथा उत्पादकत्व बृद्धि गरी खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउन सिंचाईं प्रणालीमा प्रभावकारिता कायम् गर्दै जलस्रोतको अधिकतम उपयोग गर्ने ।

## परिच्छेद २
## <u>कार्यक्रम संचालन</u>

**४) <u>प्रस्ताव आव्हान गर्नेः</u>**

१) नगरपालिका मार्फत संचालन गरिने सिंचाई आयोजनाको लागि नगरबासी कृषक, कृषक समूह, कृषक सहकारी, जल उपभोक्ता समूह, संस्था आदिबाट कम्तिमा १५ दिनको म्याद राखि कृषि शाखाबाट कार्यक्रम प्रस्ताव माग गर्न सूचना प्रकाशन गरिनेछ ।

२) सूचना स्थानीय संचार माध्यममा प्रकाशन र प्रशारणको लागि पठाउनुपर्नेछ साथै वडा कार्यालयहरुको सूचना पाटिमा समेत टाँस गरिनेछ । सूचनालाई कार्यालयको बेव पेजमा अध्यावधिक गरिनेछ ।

३) कार्यालयबाट प्रस्ताव माग गर्दा अनुसूची (१) बमोजिमको ढाँचामा प्रकाशन गरिनेछ ।

४) प्रस्ताव माग गर्दा कार्यक्रम अनुसारको आवश्यक न्युनतम क्षेत्रफल तथा अधिकतम अनुदान रकम समेत खुलाई माग गरिनेछ । कार्यक्रमको प्रस्ताव बिवरण (proposal description) अनुसूची (२) बमोजिम हुनेछ ।

**५) <u>लाभग्राही छनौटः</u>** देहाय बमोजिमका आधारमा लाभग्राही छनौट हुनेछन् :-

१) खाद्यान्न बाली, तरकारी बाली, फलफूल बाली, पुष्प आदि कृषिजन्य बाली उत्पादन गर्ने प्रमुख उद्येश्य लिएका कृषक, कृषक समूह, कृषक सहकारी, जल उपभोक्ता समिति, संस्था आदि ।

२) बाली उत्पादनको पकेट क्षेत्रमा प्राथमिकता दिईनेछ ।

३) कुनै पनि कृषक, कृषक समूह, कृषक सहकारी, उपभोक्ता समिति, संस्था आदि लाभग्राहीको रुपमा छनौट गर्दा उक्त आयोजनाबाट अन्य कृषक घरधुरी समेत लाभान्वित हुने खालका आयोजनालाई प्राथमिकता दिनुपर्नेछ ।

४) पहिलै सिंचाई आयोजना परेका कृषकहरुलाई कार्यक्रममा समावेश गरिने छैन । तर मर्मत संहार, स्तरोन्नती, कुलो बिस्तार, बाँध निर्माण जस्ता कृयाकलापमा सहभागी गराउन सकिनेछ ।

५) कुनै सार्वजनिक पद धारणा गरेका व्यक्ति तथा व्यक्तित्वहरुलाई मुख्य लाभग्राही मानिने छैन । तर नीज कृषक नै भएको अवस्थामा परिवारका अन्य सदस्यहरुले आयोजनामा सहभागी हुन पाउनेछन् ।

६) व्यक्तिगत लाभग्राहीको हकमा न्युनतम दश कठ्ठामा बर्षको तीन बाली खेती गरेको हुनुपर्नेछ र समिति मार्फत संचालन गरिने सिंचाई आयोजनाको लागि न्युनतम दुई बिगाहामा बर्षको तीन बाली खेती गरेको हुनुपर्दछ ।

## ६) <u>लाभग्राही छनौट प्रकृयाः</u>

१) लाभग्राही छनौट गर्न देहाय बमोजिमको छनौट समिति गठन गरिनेछः

| | |
|---|---|
| नगर प्रमुख | संयोजक |
| कृषि क्षेत्र हेर्ने कार्यपालिका सदस्य | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| नगरपालिका स्तरीय खाद्य सुरक्षा समितिको संयोजक | सदस्य |
| समितिले मनोनयन गरेको विज्ञ सदस्य | सदस्य |
| समितिले मनोनयन गरेको एक जना व्यवसायिक कृषक | सदस्य |
| नगरपालिका कृषि शाखा प्रमुख | सदस्य सचिव |

२) उक्त समितिले आवश्यकताका आधारमा थप दुई जना मनोनित गरी बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

३) बैठकमा उपस्थित सबैले नियमानुसारको बैठक भत्ता प्राप्त गर्नेछन् ।

४) छनौट समितिले आफैले प्रमाणित गर्नेगरि मूल्याङ्कन सूचक तथा भार तयार पारी मूल्याङ्कन गर्न सक्नेछ ।

५) छनौट समितिले लाभग्राहीहरुको अन्तिम मूल्याङ्कन गरि अनुमोदनको लागि नगरकार्यपालिकाको बैठकमा सिफारिस साथ पेश गर्नेछ ।

६) बैठकबाट अनुमोदन भए पश्चाचात एक हप्ता भित्र सबै लाभग्रहीलाई आयोजनाका लागि छनौट भएको सूचना दिई कार्यक्रम कार्यान्वयन सम्झौताको लागि कार्यालयमा सम्पर्क राख्न अनुरोध गरिनेछ ।

७) <u>**छनौट समितिको काम, कर्तव्य तथा अधिकार**</u>

छनौट समितिको देहाय बमोजिमका काम, कर्तव्य तथा अधिकार रहनेछः

क) म्यादभित्र प्राप्त भएका लाभग्राहीको निवेदनहरु मूल्याङ्कनका लागि अघि बढाउने ।

ख) फिल्ड भेरिफिकेशन गर्नुपर्ने भएमा अनुगमनको लागि योजना बनाउने र भेरिफिकेशनको लागि लाभग्राही समक्ष पुग्ने ।

ग) मूल्याङ्कनका सूचकहरु तयार पारी संयोजक मार्फत प्रमाणीत गर्ने ।

घ) प्रतिस्पर्धात्मक हिसावले लाभग्राहीको छनौट गर्ने र कार्यालयबाट प्रदान गर्ने अधिकतम अनुदान रकम तोक्ने ।

ङ) लाभग्राही छनौट पश्चात कस्ता खालका आपूर्तीकर्ता आवश्यक पर्दछन सोको सूची तयारी गर्ने ।

च) सामाग्री उपलब्ध गराउने प्रयोजनको लागि समितिबाट कार्यप्रकृति अनुसारको स्पेशिफिकेशन तयार पारि आपूर्तीकर्ताबाट प्रचलित नियमअनुसारको कोटेशन माग गर्ने ।

छ) अनुदानग्राही तथा आपूर्तीकर्ताको छनौट पश्चात अनुसूची (३) बमोजिमको दुई पक्षीय सम्झौता गर्न सिफारिस गर्ने ।

८) <u>**उपभोक्ता समिति मार्फत संचालन गरिने सिंचाई आयोजना**</u>

१) उपभोक्तालाई सिंचाई आयोजनाको योजना तर्जुमा देखि कार्यान्वयन र अनुगमन सम्मका कृयाकलापमा सकृय सहभागी गराउने उद्येश्यले उपभोक्ता समिति मार्फत समेत आयोजना संचालनको लागि प्रोत्साहन गरिनेछ । यसका लागि संचालन समिति बिधिवत रुपमा कार्यालयमा दर्ता भएको हुनुपर्दछ ।

२) बजेट परिधिभित्र रहेर अनुदान प्रदान गर्न सकिने सिंचाई आयोजनाको लागि लागतको न्युनतम २५ प्रतिशत अनुदानग्राही समिति मार्फत व्यहोरिनेछ ।

९) **अनुदान प्रवाह बिधिः** अनुदान प्रवाह बिधि देहाय बमोजिम हुनेछः-

१) सिंचाई आयोजनामा परेका लाभग्राही तथा उनीहरुले प्राप्त गर्ने अनुदान रकम छनौट समितिले सिफारिस गरी बैठकमा अनुमोदनको लागि पठाउनेछ र अनुमोदन भएअनुसार सम्बन्धित अनुदानग्राहीले प्राप्त गर्ने अनुदान रकम निश्चित हुनेछ ।

२) छनौट समितिले छनौट गरि अनुमोदन भएका लाभग्राही कृषक, कृषक समूह, कृषक सहकारी, जल उपभोक्ता समिति, संस्था आदिले अनुसूची (३) बमोजिमको सम्झौता अनिवार्य गरेको हुनुपर्दछ र अनुदानको रकम तथा भुक्तानी बिधि सम्झौतामा अनिवार्य रुपमा उल्लेख भएको हुनुपर्नेछ ।

३) आयोजनाको कूल लागतको कम्तिमा २५ प्रतिशत रकम सम्बन्धित लाभग्राहीले अनिवार्य रुपमा व्यहोर्नुपर्नेछ । यस्तो रकम आवश्यक पुँजीगत वा चालुगत सामाग्री खरिदमा प्रयोग गर्न सकिनेछ तर श्रमदानमा भएको खर्च कूल लागतमा समावेश गरिनेछैन ।

४) भुक्तानी दुई किस्तामा प्रदान गर्न सकिनेछ । प्रथम किस्ता सम्झौता पश्चात अनुदानग्राहीले सामाग्री खरिदको बील भरपाई पेश गरेपछि हुनेछ भने दोस्रो किस्ता सम्झौता अनुसारको कार्य सम्पन्न पश्चात भुक्तानी हुनेछ ।

५) अनुदान रकम प्रवाह गर्दा कार्यक्रम सनतोषजनक रुपमा सम्पन्न भएको प्रवबिधिक प्रतिवेदन प्राप्ती पश्चात अनुदानग्राहीलाई सम्झौता बमोजिमको रकम नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंक तथा बित्तीय संस्थामा मार्फत प्रवाह गरिनेछ ।

६) एक लाख भन्दा माथिको पुँजीगत योजनाको लागि बील बिजकको आधारमा बढीमा पाँच प्रतिशत रकम कन्टिन्जेन्सी वापत कट्टा गरि अनुदानग्राहीलाई भुक्तानी दिन सकिनेछ । यस्तो कन्टिन्जेन्सी रकम सूचना प्रकाशन, अनुगमन, मूल्याङ्कन, ईन्जिनियरिङ्ग खर्च, आवश्यक अफिस सामाग्री खरिद, बिषय बिशेषज्ञ परामर्श खर्च, बैठक भत्ता, फिल्ड खर्च, ईन्धन खर्च, प्राबिधि पुस्तक छपाई जस्ता कार्यमा समेत प्रयोग गर्न सकिनेछ । खर्च रकमको बील भरपाई अनिवार्य रुपमा कार्यालयमा पेश गर्नुपर्नेछ ।

७) आपूर्तीकर्ताबाट कर बिजकको १ दशमलभ ५ प्रतिशतका दरले अग्रीम करकट्टि भुक्तानीको समयमा अनिवार्य रुपमा कट्टि गरिनेछ ।

**१०. <u>अनुगमन तथा निरीक्षणः</u>**

१) कार्यक्रमको चालु अवस्था, यसले पार्न सक्ने सम्भावित असर तथा प्रभावहरुको अवस्थालाई एकीन गर्नका निम्ति अनुगमन, निरीक्षण जस्ता कृयाकलापहरु आवश्यक पर्दछन । नियमित अनुगमनको लागि कार्यालयको कृषि शाखाले जिम्मेबारी लिनेछ ।

२) संचालित कार्यक्रमको अनुगमन तथा निरीक्षणको लागि देहाय बमोजिमको एक अनुगमन तथा निरीक्षण समिति रहनेछः-

| | |
|---|---|
| नगर उप-प्रमुख | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| सिभिल ईन्जिनियर | सदस्य |
| कृषि शाखा प्रमुख | सदस्य सचिव |

३) अनुगमन टोलीले अनुगमन पश्चात अनुगमन प्रतिवेदन नगर प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।

४) समितिका पदाधिकारीले बैठक तथा अनुगमन कार्यका लागि नियमानुसारको भत्ता तथा अन्य सुविधा प्राप्त गर्नेछन् ।

**११) <u>कार्यबिधिको परिमार्जनः</u>** यस कार्यबिधिको संशोधन तथा परिमार्जन गर्नुपर्ने भएमा अनुगमन तथा निरीक्षण समितिको सिफारिसमा बैठकबाट गर्न सकिनेछ ।

**१२) <u>प्रचलित कानून लागू हुनेः</u>** यस कार्यबिधिमा भएका बिषयहरु यसै अनुसार र नभएका बिषयहरु प्रचलित कानूनमा व्यवस्था भएबमोजिम हुनेछन् ।

**१३) <u>बचाऊः</u>** यस कार्यबिधि स्वीकृत हुनु भन्दा पहिले सम्पादन भएका यस कार्यविधि बमोजिमका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

**अनुसूची (१)**
**दफा ४ को उपदफा (३) सँग सम्बन्धित**
**नगरपालिकाबाट संचालन गरिने सिंचाई कार्यक्रमको लागि प्रस्ताव माग गर्ने सम्बन्धि सूचना**

सूचना ! सूचना !! सूचना !!!

(प्रथम पटक प्रकाशित मितिः .............)

यस तिलोत्तमा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, रुपन्देहीले आ.ब २०७५।७६ मा संचालन गर्नुपर्ने स्वीकृत नगर विकास योजना अन्तरगत तपशील बमोजिमका सिंचाई अनुदान कार्यक्रमको लागि यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र प्रस्ताव पेश गर्नुहुन सबै नगरवासी कृषकहरमा अनुरोध गरिन्छ ।

<u>तपशील</u>

१)

२)

३)

**आवश्यक कागजातहरुः**

१) रु. दशको हुलाक टिकट टाँस भएको तोकीएको ढाँचामा निवेदन ।

२) कृषि कम्पनी. नीजि फार्म/ उद्योग, कृषि सहकारी, कृषि समूह, जल उपभोक्ता समिति, टोल विकास समितिको हकमा नविकरण गरिएको दर्ता प्रमाण पत्र ।

३) कृषि सहकारी, कृषि समूह, जल उपभोक्ता समिति, टोल विकास समितिको हकमा सिंचाई कार्यक्रम माग गर्ने निर्णय गरिएको बैठक माईनुटको छाँयाप्रति ।

४) नीजि उद्योग तथा कम्पनीको हकमा नागरिकताको छाँयाप्रति साथै करचुक्ताको प्रमाण पत्र ।

५) वडा कार्यालय वा वडा स्तरीय कृषि विकास संजालको सिफारिस पत्र ।

## अनुसूची (२)
## दफा ४ को उपदफा (४) सँग सम्बन्धित
## प्रस्ताव माग गर्ने प्रयोजनको लागि प्रस्ताव ढाँचा

**१. पृष्ठभूमिः**

सिंचाई आयोजना तिलोत्तमा नगरपालिका वडा नं.......मा अवस्थित रहनेछ र यसको नाम........................हुनेछ । यस आयोजनाले समेटेको भौगोलिक क्षेत्रफल.........हेक्टर हुनेछ । यस आयोजनाबाट प्रमुख रुपमा.........................................................................................बालीहरुमा बर्षैभरी सिंचाई पुग्ने अपेक्षा गरिएको छ ।

**२. कार्यक्रमको उद्येश्यः**

यस कार्यक्रमको उद्येश्यहरु देहाय बमोजिम रहनेछन्

क) कृषि जन्य बालीको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्नु ।

ख) बर्षैभरी व्यवस्थित सिंचाई प्रणाली सुनिश्चित गर्नु ।

ग) बाली सघनता बृद्धि गर्नु ।

घ) कृषिमा आधारित रोजगारीका अवसरहरुको विकास तथा विस्तार गर्नु ।

ङ) अन्य भए ....................................................................................................

**३. अनुमानित लगानी रकमः**

| क सं | कृयाकलापहरु | कृषकको लगानी | कार्यालयको लगानी | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

**४. अपेक्षित उपलब्धिः**

| क सं | सूचकहरु | बर्तमान अवस्था | कार्यक्रम पश्चात | अपेक्षित बृद्धि प्रतिशतमा |
|---|---|---|---|---|
| १ | लाभान्वित घरधुरी | | | |
| २ | बाली सघनता | | | |
| ३ | कृषि बस्तु उत्पादन | | | |
| ४ | रोजगारी सृजना | | | |
| ५ | आम्दानी बृद्धि | | | |
| ७ | खाद्य सुरक्षाको स्थिति | राम्रो | एकदम राम्रो | २० प्र बृद्धि |

**निवेदकको नामथर र ठेगानाः**

**हस्ताक्षरः**

**फोन नं.:**

## अनुसूची (३)
## दफा ७ को खण्ड (छ) सँग सम्बन्धित
## दुई पक्षीय सम्झौता पत्र

तिलोत्तमा नगरपालिकाबाट आ ब २०७५।७६ मा संचालन गरिने स्वीकृत नगर विकास योजना अन्तरगत सिंचाई अनुदान कार्यक्रमको लागी तिलोत्तमा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, मणीग्राम, रुपन्देही (यस पछि प्रथम पक्ष भनिने) र .......................कृषक/कृषक समूह/सहकारी /उपभोक्ता समितिका प्रतिनिधि श्री.......................(यस पछि दोस्रो पक्ष भनिने) बीच तपशीलको बुदाँहरुमा रही कार्यक्रम सफल रुपले संचालनार्थ यो सम्झौता गरिएको हो ।

१. पहिलो पक्षले कार्यक्रम संचालनको लागि दोस्रो पक्षलाई प्राविधिक सहजिकरण गर्नुपर्नेछ ।
२. दोस्रो पक्षले निर्माण कार्य सुरु गरेदेखि समापन गरुन्जेल प्रथम पक्षसँग समन्वय तथा सहकार्य गर्नुपर्नेछ ।
३. दोस्रो पक्षले कार्य सुचारु गरि सामाग्री खरिद गरेपश्चात सामाग्रीको बील भरपाई पेश गरेमा बढीमा पचास प्रतिशतले हुन आउने रकम पेश्की स्वरुप माग गर्न सक्नेछ ।
४. कार्य सम्पन्न पश्चात अनुगमन तथा मूल्याङ्कन गरी कूल लागतको बढीमा ७५ प्रतिशत रकम (वा अधिकतम नेपाली रुपैयाँ रु......................) भुक्तानीको लागि दोस्रो पक्षले प्रथम पक्ष समक्ष आवश्यक बील भरपाई तथा कार्य सम्पन्न प्रतिबेदन सहित कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ । पुँजीगत अनुदानमा ५ प्रतिशत कन्टिन्जेन्सी प्रथम पक्षले कट्टीगरी दोस्रो पक्षलाई भुक्तानी दिनुपर्नेछ ।
५. प्रथम पक्ष समक्ष दोस्रो पक्षले भुक्तानीको लागि निवेदन पेश गरेपश्चात कार्यक्रम अनुगमन गरि समयमानै भुक्तानी दिनुपर्नेछ । समयमा भुक्तानी हुन नसकेमा सो को कारण खुलाई दोस्रो पक्षलाई जानकारी दिनुपर्नेछ ।
६. प्रथम पक्षले दोस्रो पक्षको बैंक खातामा ए.सी पेशी चेक मार्फत रकम भुक्तानी दिनुपर्नेछ । रकम भुक्तानी हुँदा आपूर्तीकर्ताको कर विजकको १.५ प्रतिशत रकम अग्रिम आयकरको रुपमा कट्टी गरिनेछ।
७. कम्तिमा चार बर्ष सम्मको नियमित रेखदेख, मर्मत-संहार तथा संरक्षण गर्ने जिम्मा दोस्रो पक्षको हुनेछ र प्रथम पक्षले नियमित रुपले अनुगमन कार्य

गर्नेछ । यदि अनियमितता गरेको पाईएमा कानून बमोजिम कारवाही समेत हुनेछ ।

८. अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

मितिः ..................

| **दोस्रो पक्ष** | **प्रथम पक्ष** |
|---|---|
| नामथरः | नामथरः |
| ठेगानाः | पदः |
| फोन नंः | कार्यालयको नामः |

**रोहवरः**

नामः

पदः

कार्यालयको नामः

**प्रमाणीकरण मितिः २०७५/१०/५**

**आज्ञाले**

**(कृष्णप्रसाद सापकोटा)**

**प्रमुख प्रशासकीय अधिकृत**